# समान अवसर आयोग

हंगकंगको समान अवसर सम्बन्धी कानूनले कतिपय किसिमका भेदभावमाथि प्रतिवन्ध लगाउँछ। विशेष गरी लिंग, वैवाहिक स्थिति, गर्भावस्था, अपांगता, पारिवारिक स्थिति तथा जातिका आधारमा कुनै व्यक्ति विरुद्ध भेदभाव गर्नु गैर-कानूनी हो।

## ई ओ सी भनेको के हो?

समान अवसर आयोग (EOC) लैंगिक भेदभाव अध्यादेश (SDO), अपांगता भेदभाव अध्यादेश (DDO), पारिवारिक स्थिति भेदभाव अध्यादेश (FSDO) तथा जातिभेद अध्यादेश (RDO) लाई लागु गर्ने प्रयोजनका लागि सन् 1996 मा स्थापित एक वैधानिक निकाय हो।

## समान अवसर सम्बन्धी कानून

लैंगिक भेदभाव अध्यादेश अन्तर्गत लिंग, वैवाहिक स्थिति वा गर्भावस्थाका आधारमा कुनै व्यक्ति विरुद्ध कृयाकलापका निम्न क्षेत्रहरूमा भेदभाव गर्नु गैर-कानूनी होः

- रोजगार
- शिक्षा
- वस्तु, सेवा वा सुविधाहरूको उपलव्धता
- सम्पत्तिको वेचविखन वा व्यवस्थापन
- मतदान तथा परामर्शदातृ निकायहरूमा निर्वाचन वा नियुक्तिको योग्यता
- क्लवहरूमा सहभागिता
- सरकारी कृयाकलापहरू

लैंगिक भेदभाव अध्यादेशले रोजगार, शिक्षा, वस्तु, सेवा वा सुविधाहरूको उपलब्धता अनि सम्पत्तिको वेचविखन वा व्यवस्थापन क्षेत्रहरूमा व्यक्तिलाई यौन दुर्व्यवहारबाट पनि सुरक्षा प्रदान गर्छ।

यसैगरि, अपांगता भेदभाव अध्यादेश अनुसार कुनैपनि अक्षम वा अशक्त व्यक्तिको सार्वजनिक रुपमा खिल्ली उडाउनु वा उसको अशक्तताको आधारमा कृयाकलापका निम्न क्षेत्रहरूमा भेदभाव गर्नु वा प्रताडित गर्नु गैर-कानूनी होः

- रोजगार
- शिक्षा
- मालसमान, सेवा वा सुविधाहरूको उपलव्धता
- कुनै परिसरमा प्रवेश
- सम्पत्तिको वेचविखन वा व्यवस्थापन
- क्लव वा खेलकुद गतिविधिहरूमा सहभागिता
- सरकारी कृयाकलापहरू

पारिवारिक स्थिति भेदभाव अध्यादेश अनुसार, पारिवारिक हैसियतको आधारमा गरिने भेदभाव गैर-कानूनी ठहरिन्छ। पारिवारिक हैसियत भन्नाले परिवारका निकटतम सदस्यहरूको हेरचाह गर्ने जिम्मेवारीपूर्ण हैसियत भएको व्यक्ति सम्झनुपर्छ। कुनै व्यक्तिको संदर्भमा, परिवारका निकटतम सदस्य भन्नाले त्यस्तो व्यक्तिसंग रगतको वा वैवाहिक वा दत्तक वा नातागोताको साईनो भएको व्यक्ति सम्झनुपर्छ। पारिवारिक स्थिति भेदभाव अध्यादेश अनुसार कुनै व्यक्तिले शिकायत गर्नसक्ने कृयाकलापका क्षेत्रहरू र लैंगिक भेदभाव अध्यादेश अन्तर्गतका यस्ता क्षेत्रहरू समान छन्।

जातिभेद अध्यादेश (RDO) ले मानिसहरूलाई जातिका आधारमा हुने भेदभाव, उत्पिडन तथा बदनामीबाट संरक्षण प्रदान गर्दछ। कुनै व्यक्तिका संदर्भमा जाति भन्नाले व्यक्तिको जाति, वर्ण, कूल, राष्ट्रिय वा जातिय मूल भन्ने बुझिन्छ। RDO अन्तर्गत कुनै व्यक्तिलाई उसको जातिका आधारमा भेदभाव, उत्पिडन तथा बदनाम गर्नु गैर-कानूनी हो। RDO ले निम्न क्षेत्रहरूमा संरक्षण प्रदान गर्दछः

- रोजगार
- शिक्षा
- वस्तु सेवा वा सुविधाहरूको उपलव्धता
- सम्पत्तिको वेचविखन वा व्यवस्थापन
- मतदान तथा सार्वजनिक निकायहरूमा निर्वाचनको योग्यता।

- क्लवहरूमा सहभागिता

## ई ओ सी ले तपाईँका लागि के गर्न सक्छ?

यदि तपाईँलाई तपाईँको लिंग, गर्भावस्था, अपांगता, पारिवारिक स्थिति तथा जातिका आधारमा माथि उल्लेखित कृयाकलापका क्षेत्रहरूमा गैर-कानूनी ढंगले विभेद गरिएको छ भने तपाईँले ई ओ सी मा आफ्नो उजुरी दर्ता गर्न सक्नुहुन्छ। ई ओ सी ले तपाईँको उजुरीको सम्बन्धमा जाँच गरी मेलमिलापद्वारा निपटारा गर्ने कोशिश गर्नेछ। तर यसरी समस्याको निपटारा हुन सकेन भने तपाईँले कानूनी सहायता लगायत अन्य प्रकारका सहायताका लागि आवेदन गर्न सक्नुहुनेछ। उपर्युक्त चार अध्यादेशहरू अन्तर्गत तपाईँले जिल्ला अदालतमा कानूनी कारबाही पनि थाल्न सक्नुहुन्छ।

आयोग अनि उपर्युक्त चार अध्यादेशहरूबारे थप जानकारिका लागि इन्टरनेटमा समान अवसर आयोगको होमपेज http://www.eoc.org.hk हेर्न सक्नुहुन्छ, अथवा आयोगको कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ।

**Equal Opportunities Commission**
16/F., 41 Heung Yip Road,
Wong Chuk Hang, Hong Kong
टेलिफोनः 2511-8211

कार्यालय खुल्ने समयः

सोमबार देखि शुक्रबारःविहान 8:45 बजेदेखि बेलुका 5:45 बजेसम्म

(Nepali Version)
7/2009